नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १७४ २०८२ साल माघ २७ गते मंगलबार (10 Feb 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नवीन चुनौतीबीचको निर्वाचन र ... ३ पृष्ठमा : संसद् विघटनले विधायन प्रक्रिया ... ३ पृष्ठमा : विश्व बजार उकालो, ...

# चुनावी घोषणापत्र मार्फत विभिन्न एजेन्डाहरु सार्वजनिक गरेपनि कार्यान्वयन भने फितलो



**दैनिक समाचारदाता**
**राजविराज, २६ माघ ।**

सप्तरी क्षेत्र नं. २ का अधिकांश उम्मेदवारहरुले विगत कै जस्तै यस पटक पनि सदरमुकाम राजविराजलाई लक्षित गरि घोषणापत्र मार्फत विभिन्न एजेन्डाहरु सार्वजनिक गरेका छन् ।

राजविराजलाई लक्षित गरी अधिकांश दलको घोषणापत्र, प्रतिबद्धता पत्र, संकल्पपत्र र अपिलपत्रमा नगरपालिका क्षेत्र भित्रको ब्लक, विटौरी जग्गाको लालपूर्जा प्रदान गरिने, गजेन्द्रनारायण सिंह अस्पताल र औधोगिक क्षेत्रमा सुधार तथा प्रस्ताविक रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान भवन निर्माण र संचालनको विषय प्रमुख एजेन्डा बन्नेको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पनि राजविराज नगरपालिका समेटिएको सप्तरीको निर्वाचन क्षेत्र नं २ का प्रायजसो हरेक दलका उम्मेदवारले यीनै विषयलाई प्रमुख एजेन्डा बनाएर चुनावी मैदानमा उत्रेका छन ।

नेपाली कांग्रेस, नेकपा एमाले, जसपा नेपाल, जनमत, उज्यालो नेपाल, रास्वपा, राष्ट्रिय मुक्ती पार्टी, स्वभिमान, आजपा, नेजपा, जनअधिकार लगायतका पार्टीका उम्मेदवारको तर्फबाट जारी घोषणा पत्र, संकल्प पत्र, प्रतिबद्धतापत्र र अपिलपत्रमा उपरोक्त मुद्दा प्राथमिक्ताका साथ सम्बोधन गराउने उल्लेख गरिएको छ । तर चुनाव सकिएपछि ती एजेन्डाहरु हराउने गरेको स्थानीय मतदाताहरुको गुनासो छ ।

नयाँ शक्तीको रुपमा उदाएका तथा नयाँ अनुहार लिएर सप्तरीको क्षेत्र नं. २ मा उम्मेदवारी दिएको राष्ट्रिय स्वतन्त्र पार्टीले पनि उक्त एजेन्डालाई प्राथमिक्तामा राखी आफनो उम्मेदवारले जीते उक्त माग सम्बोधन हुने प्रतिबद्धता पत्र मार्फत सार्वजनिक गरेको छ ।

राजविराजको मुख्य बजार मेनरोड तथा आसपासमा रहेको ६८ विगहा जग्गामा नगर स्थापनाकाल देखी नै वसोवास गर्दै आएका ५ हजार २ सय परिवार (झण्डै २२ हजार मतदाता) अझै जग्गाधनी प्रमाण पुर्जा ( लालपुर्जा) पाउन सकेका छैनन । जग्गाधनीसंग रहेको बिटौरी जग्गाको कागजात कै आधारमा यस अघि उक्त जग्गा विक्री र बैंक तथा वित्तिय संस्थामा ऋण लिने काम हुदै आएको थियो । तर विगत ९ वर्ष देखी सरकारले गाउँ ब्लक र बिटौरी जग्गाको खरिद विक्री तथा बैक/वित्तिय संस्थामा धितो राखी ऋण लिने कार्यमा रोक लगाएपछि जग्गधनीहरु समस्यामा परेको राजविराज नगरपालिका ३ का घनश्याम दास बताउँछन ।

बुबा बाजेको पाला देखी रहेको आफनो जग्गा समस्यामा पर्दा विक्री वितरण गर्न र बैंक/वित्तिय संस्थामा राखेर ऋण समेत लिन नसक्ने स्थितीमा पुग्दा मिटरब्याजी संग चर्को ब्याजदरमा ऋण लिन बाध्य भएको राजविराज ७ का विरेन्द्र गुप्ताले गुनासो पोखे ।

राजविराज ४ का रजनीश माझीले ९ वर्ष अघि सम्म नगरपालिकाबाट पाएको रसिदको आधारमा समस्या परेका बेला बैंक तथा वित्तिय संस्थाबाट ऋण लिएर काम गर्ने गरेकोमा अहिले सो सेवा सुविधाबाट बञ्चित गराउँदा समस्यामा परेको सुनाए ।

विभिन्न राजनीतिक दल र तिनका उम्मेदवारले चुनावका बेला ब्लक, बिटौरीका जग्गावालालाई जग्गाधनी प्रमाण पत्र उपलब्ध गराउने, गजेन्द्र नारायण सिह अस्पताल र गजेन्द्र नारायण सिंह औधोगिक क्षेत्रमा सुधार, प्रस्तावित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवन निर्माण र संचालनलाई प्रमुख एजेन्डा बनाउने गरेपनी चुनाव सकेपछी विर्सने गरेको नगरवासीको गुनासो छ ।

उनीहरुले यस पटक उल्लेखित समस्या समाधान गर्न प्रतिबद्ध हुने र इमान्दार प्रयास गर्ने उम्मेदवारलाई मात्र मतदान गर्ने स्पष्ट पारेका छन ।

एक लाख ५ हजार ९ सय २२ मतदाता रहेको सप्तरीको निर्वाचन क्षेत्र न २ मा ३४ जना उम्मेदवार चुनावी मैदानमा छन । ती मध्ये उल्लेखित एजेन्डाहरु प्रायजसो सबैको घोषणापत्र, प्रतिबद्धतापत्र, संकल्पपत्र र अपिलपत्रमा समेटिएको छ ।

# मधेस प्रदेश सरकारको खर्च कटौती गर्न आदेश

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २६ माघ ।**

मधेस प्रदेश सरकारले सार्वजनिक रूपमा हुने जथाभवी खर्चलाई कटौती गर्न लिखित रूपमा निर्देशन दिएको छ ।

मधेस प्रदेशको अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष आर्थिक २०८२/८३ मा हुने सार्वजनिक खर्चमा कटौती गर्न सम्पूर्ण मन्त्रालय, निर्देशनालय तथा मन्त्रालय मातहतका कार्यालय तथा परियोजनालाई अत्यावश्यक बाहेकका खर्च नियन्त्रण गर्न परिपत्र जारी गरेको हो ।

मन्त्रालयद्वारा जारी पत्रमा सवारीसाधन खरिद, फर्निचर खरिद, कार्यालय सजावट एवम् महँगी सामान खरिद, अनावश्यक गोष्ठी, भ्रमण तथा अतिथि सत्कार खर्चमा पूर्ण रूपमा कडाइ गर्न निर्देशन गरेको जनाइएको छ ।

जथाभावी बजेटको दुरुपयोग नगर्न तथा बजेटमा सुशासन कायम गर्न तथा सीमित स्रोतसाधनलाई प्रभावकारी रूपमा परिचालन गर्न सो निर्णय भएको पत्रमा उल्लेख गरिएको छ ।

मन्त्रालयका उपसचिव जयकुमार राउतद्वारा जारी सो पत्रमा अत्यावश्यक सेवा प्रवाह, विकास निर्माणका चालु आयोजना तथा प्राथमिकता प्राप्त योजनामा कुनै असर नपर्ने गरी खर्च व्यवस्थापन गर्न निर्देशन दिइएको छ । आवश्यकताबाहेक सवारीसाधन प्रयोग नगर्न, इन्धन तथा खर्च घटाउन तथा मर्मतसम्भारमा मितव्ययिता अपनाउन आग्रह गरेको छ ।

मन्त्रालयका अनुसार खर्च कटौतीसम्बन्धी जारी भएको विषयमा खर्चको पालना भएको वा नभएको सम्बन्धमा अनुगमन गरिनेछ । त्यस्तो पालना नगर्नेलाई प्रचलित कानुनबमोजिम कारबाही हुने बताइएको छ ।

# जागिर छाडेर चुनावी मैदान

**दैनिक समाचारदाता**
**राजविराज, २६ माघ ।**



**डा. सन्तोष कुमार चमन**
उम्मेदवार, क्षेत्र नं. ३



**डा. दिपक चौधरी**
उम्मेदवार, क्षेत्र नं. २

फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सप्तरी क्षेत्र नं. ३ मा नेपाल जनता पार्टीका तर्फबाट डा. सन्तोष कुमार चमन जागिर छोडेर उम्मेदवारी दिएका छन् ।

विष्णुपुर गाउँपालिका निवासी डा. चमन जिल्लाको सुरुङ्गा नगरपालिकास्थित जनता मावि सिसवारीमा ६ बर्षदेखि शिक्षक पेशामा जागिर गर्दै आएका थिए भने त्यो संगै उनी महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजमा पनि १६ बर्ष देखि आंशिक शिक्षकको रुपमा अध्यापन पेशामा लागेका थिए । चुनाव लड्नकौ लागि शिक्षण पेशाबाट राजिनामा दिएर उनी चुनावी मैदानमा होमिएका हुन् ।

लेकतान्त्रिक व्यवस्थामा देशको सबै प्रणाली नै राजनीतिबाट चल्ने हुँदा आफुले सप्तरीको क्षेत्र नं. ३ बाट उम्मेदवारी दिएको उनले बताए । पछिल्लो केही बर्ष यता अधिकांश शिक्षित बुद्धिजिवीहरु राजनीतिबाट टाढा बस्ने परिपाटीले समग्र राजनीतिक क्षेत्र नै तनावग्रत बन्दै गएको अवस्थालाई हेरेर आफु शिक्षण पेशा छाडेर राजनीतिमा होमिएको उनको भनाई छ ।

उच्चस्तरका शिक्षा हाँसिल गरेका व्यक्तिहरु राजनीतिमा लागे मात्रै शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा परिवर्तन आउने उनको विश्वास छ ।

***बाँकी अन्तिम पृष्ठमा***

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, बृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्बाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्बाचन आयोग वा निर्बाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### जिम्मेवार बनौं

विकासीय कार्य भन्नाले जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय हो । विकास व्यक्तिको नभई समग्र देश, जिल्ला, नगर हुँदै समाजका लागि हुन्छ । समाजमा एक परिवारहुँदै बहुपरिवारको बसोवास हुन्छ । त्यसैले सम्बन्धीत निकायले विकास गरिरहेको छ भने त्यसप्रति हामी सामाजिक प्राणीले चासो राख्नु आवश्यक छ । विकासको सवालमा बाधा उत्पन्न नगरि सकारात्मक सोच राख्नु पर्छ । यदी त्यसमा कुनै हानी नोक्सानी पुऱ्याउने कार्य भइरहेको छ भने त्यसलाई सुधारका लागि खबरदारी गर्नु पनि उत्तिकै जरुरी छ ।

अहिलेको अवस्थामा सार्वजनिक जनसरोकारवाला विषयमा जनता आफै जिम्मेवार बन्नु आवश्यक छ । चाहे त्यो विकासीय कार्य होस् वा जनसरोकारको विषयमै कीन नहोस् । त्यस्तै अर्को जनसरोकारका विषय भनेको जनतालाई प्रत्यक्ष लाभ तथा हानी हुने विषय हो । यसमा जनताको स्वास्थ्यसँग खेलवाड गर्ने जो सुकै तथा समाजलाई नकारात्मक असर पुगिरहेको छ भने त्यस्ता कार्यलाई प्रतिकारदेखी दण्डित गर्नेसम्म पर्छ । हो यस्ता विषयमा जनता नै चनाखो हुनसकेमा त्यस्ता नकारात्मक तत्वहरुले समाजसँग खेलवाड गर्न सक्दैन् ।

तसर्थ प्रत्यक्ष निगरानीमा राखेर सकारात्मक पक्षलाई अवलम्बन गर्ने नकारात्मक पक्षलाई बहिष्कार गर्नेतर्फ जनता जिम्मेवार बन्नु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नवीन चुनौतीबीचको निर्वाचन र पत्रकारिता

**विपुल पोखेल**

काठमाडौँ, २६ माघ (रासस) । आवधिक निर्वाचनले नै लोकतन्त्रलाई प्राण थप्न सक्दछ । निर्वाचन केवल अङ्कगणितको खेल हैन, यो त नागरिकले आफ्नो सार्वभौमसत्ताको प्रयोग गर्ने र आफ्ना प्रतिनिधि चुन्ने एउटा अवसर हो । चुनावलाई अङ्कगणितको खेलमा सीमित राख्ने र सत्तामा जाने सिँढी मात्र सम्झने हो भने त्यो जीवन्त लोकतन्त्र हुन सक्दैन, त्यसलाई प्राविधिक लोकतन्त्रको नाम मात्र दिन सकिन्छ । यद्यपि निर्वाचनको प्रक्रिया हेर्ने हो भने मत हाल्ने, धेरै सङ्ख्याले जित्नेलाई सत्तामा पुऱ्याउने मात्र ठान्न सकिएला । तर, यसलाई जीवन्त बनाउन र प्राविधिक लोकतन्त्र हुन नदिनका लागि पत्रकारिताको महत्वपूर्ण भूमिका रहन्छ निर्वाचनको सफलता केवल राजनीतिक दलहरूको सक्रियता वा निर्वाचन आयोगको तयारीमा मात्र निर्भर हुँदैन । निर्वाचनलाई कति स्वच्छ, निष्पक्ष, धाँधलीरहित र विश्वसनीय बनाउने भन्ने कुरामा राज्यको चौथो अङ्ग अर्थात् पत्रकारिताको भूमिका अत्यन्तै निर्णायक र अपरिहार्य हुन्छ ।

सोमबारको सूचना प्रविधिको युगमा मतदाताको अभिमत निर्माण गर्न मिडियाले सबैभन्दा शक्तिशाली भूमिका खेल्छ । सही सूचनाले सही नेतृत्व चयनमा मद्दत गर्छ भने गलत सूचनाले लोकतन्त्रकै भविष्यलाई अन्धकारमा धकेल्न सक्छ । तसर्थ, निर्वाचनको समयमा पत्रकारिताको जिम्मेवारी अरू बेलाभन्दा कैयौँ गुणा बढ्छ । यो समय भनेको मिडियाको विश्वसनीयताको अग्निपरीक्षाको समय पनि हो ।

आसन्न निर्वाचनको सङ्घारमा सामाजिक सञ्जाल एउटा गम्भीर चुनौतीका रूपमा खडा भएको छ । कुनै पनि सम्पादकीय प्रक्रिया र जवाफदेहिता बिना सामाजिक सञ्जालमा पोखिने व्यक्तिगत धारणाहरूलाई नै नागरिकले आधिकारिक सूचना मान्ने खतरा ह्वात्तै बढेको छ । सामाजिक सञ्जालको यो 'हा हा हो हो' र असन्तुलित बाढीले जनमतलाई दिग्भ्रमित पार्ने जोखिम उच्च छ । योभन्दा अघिल्ला चुनावहरूमा पनि सामाजिक सञ्जालहरूको अभ्यास गरिएको भएता पनि त्यो बेला यतिको प्रभावकारी मानिँदैनथ्यो । इन्टरनेटमा पहुँचको वृद्धि र मोबाइल प्रयोगकर्ताको सङ्ख्यामा आएको अप्रत्याशित वृद्धिले अब यो सुविधा एउटा चुनौती बन्न पुगेको छ । बौद्धिक कृत्रिमता (एआई)को प्रयोगले 'फेक' सामग्री बनाई सम्प्रेषण गर्ने अभ्यास त यो चुनावमा मात्रै देखिँदैछ । त्यसकारण अघिल्ला चुनाव र यो चुनावका बीचमा चुनौतीका दृष्टिले धेरै भिन्नता देखिएको छ । सरोकारवालाहरूले यो कुरामा समयमै ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । एआई अहिले नवीन चुनौती बनेको तथ्यमा उभिएर नै आगामी रणनीति बनाउन सरोकारवालाहरू गम्भीर हुन आवश्यक छ ।

इन्टरनेटको पहुँचमा भएको वृद्धिसँगै उपस्थित यो खतरालाई चिर्ने एक सशक्त माध्यम मूलधारको पत्रकारिता हो । मूलधारको पत्रकारिता भनेको केवल सूचना प्रवाह होइन, यो त निश्चित सम्पादकीय नीति, तथ्यको परीक्षण र जवाफदेहिताको कसीमा खारिएको सामग्रीको उत्पादन र प्रवाह हो । यतिबेला पत्रकारितासामु ठूलो चुनौती छ-नागरिकलाई सामाजिक सञ्जालको 'अल्गोरिदम' निर्देशित भ्रामक जालोबाट बाहिर निकाल्नु । भीडको हल्लाबाट जोगाएर सही, सत्य र विश्वसनीय समाचार प्राप्तिमा नागरिकको पहुँच सुनिश्चित गर्ने यो अग्निपरीक्षामा मूलधारको पत्रकारिता सफल हुनैपर्ने दबाब सिर्जना भएको छ ।

जिम्मेवार पत्रकारिताको पहिलो र आधारभूत सर्त के हो भने, मिडियाले आफ्नो वास्तविक परिचय कहिल्यै भुल्नु हुँदैन । मिडिया सत्ताको भजनमण्डली वा कुनै अमुक राजनीतिक दलको अघोषित प्रवक्ता होइन, र हुनु पनि हुँदैन । लोकतान्त्रिक व्यवस्थामा मिडियाको एकमात्र बफादारी नागरिकप्रति हुनुपर्छ । यो नागरिकको 'सूचना पाउने संवैधानिक हक' को सच्चा संरक्षक हो । निर्वाचनको बेला दलहरूले आफ्ना 'एजेन्डा' स्थापित गर्न मिडियालाई प्रयोग गर्न खोज्नु नौलो कुरा होइन तर ती दबाब र प्रलोभनबाट मुक्त रही स्वतन्त्र अस्तित्व जोगाइराख्नु नै असली पत्रकारिता हो ।

यदि कुनै सञ्चारमाध्यमले समाचारलाई तोडमरोड गरेर, कुनै एक पक्षलाई मात्र काखी च्यापेर वा विपक्षलाई निरन्तर प्रहार गरेर सामग्री पस्कन्छ भने त्यो पत्रकारिता रहँदैन, त्यो त 'प्रोपोगान्डा' मात्र बन्छ । पक्षपातपूर्ण प्रस्तुतिले समाजमा ध्रुवीकरण बढाउँछ र मतदातालाई दिग्भ्रमित तुल्याउँछ । निर्वाचनको संवेदनशील घडीमा अपुष्ट समाचार सम्प्रेषण गर्नु भनेको आगोसँग खेल्नु जस्तै हो । हतारमा 'ब्रेकिङ न्युज' दिने होडबाजी वा बढी 'भ्युज' बटुल्ने लोभमा राखिने सनसनी खालका शीर्षकहरूले क्षणिक चर्चा त देलान् तर दीर्घकालमा यसले मिडिया स्वयंको विश्वसनीयता गुम्छ र प्रकारान्तरले लोकतन्त्रको जगलाई नै कमजोर बनाउँछ ।

त्यसो भए निर्वाचनमा मिडियाको धर्म के हो त ? यसको सिधा उत्तर हो- तथ्यमा आधारित सत्य सूचनाको प्रवाह । विचार र समाचारलाई अलग-अलग राखेर प्रस्तुत गर्नु व्यावसायिक धर्म हो । निर्वाचनका बेला अनेकौँ हल्ला, आरोप-प्रत्यारोप र भ्रामक सूचनाहरूको बाढी आउँछ । यस्तो बेलामा मिडियाले 'फिल्टर' को काम गर्नुपर्छ । तथ्य जाँच (फ्याक्ट चेक) नगरी कुनै पनि कुरा बाहिर ल्याउनु हुँदैन । यसका साथै, लोकतन्त्रमा सबैको आवाजको कदर हुनुपर्छ । निर्वाचनमा ठूला र साना, सत्ता पक्ष र प्रतिपक्ष, स्रोतसाधनले सम्पन्न र विपन्न सबै खाले दल तथा उम्मेदवार मैदानमा हुन्छन् । मिडियाले पहुँच र शक्तिका आधारमा मात्र स्थान दिने हो भने त्यो न्यायोचित हुँदैन । सबै पक्षलाई आफ्ना एजेन्डाहरू जनतासमक्ष राख्न समान अवसर प्रदान गर्नु मिडियाको नैतिक दायित्व हो । समावेशी र बहुलवादी समाजमा सीमान्तकृत समुदायका मुद्दाहरू, महिला उम्मेदवारका आवाजहरू र वैकल्पिक विचारहरूलाई पनि मूलधारको मिडियाले स्थान दिनुपर्छ ।

पत्रकारिता भनेको केबल 'कसले के भन्यो' वा 'कसको सभामा कति मान्छे आए' भनेर टिपोट गर्नु मात्र होइन । जिम्मेवार पत्रकारिताले सतहभन्दा गहिराइमा पुगेर विश्लेषण गर्न सक्नुपर्छ । दलहरूका घोषणापत्रहरूको तुलनात्मक अध्ययन, उम्मेदवारहरूको विगतको पृष्ठभूमि र उनीहरूका बाचाहरूको यथार्थपरक विश्लेषणले मात्र मतदातालाई सही निर्णय लिन मद्दत गर्छ । तर, यस्तो विश्लेषण पनि आग्रह/पूर्वाग्रहबाट मुक्त र तथ्यमा आधारित हुनुपर्छ । जिम्मेवार विश्लेषण नै विश्वसनीय पत्रकारिताको आधारस्तम्भ हो भन्ने मान्यतालाई कहिल्यै भुल्नु हुँदैन । मूलधारको पत्रकारिताले जतिसुकै परिश्रम गरेर उत्कृष्ट एवं तथ्यपरक सामग्री तयार पारे पनि यदि पाठक वर्ग त्यसतर्फ आकर्षित भएनन् भने त्यसको अपेक्षित परिणाम हासिल हुन सक्दैन । सामग्री राम्रो हुनु मात्र पर्याप्त छैन, त्यो लक्षित वर्गसम्म पुग्नु र विश्वसनीय ठानिनु पनि उत्तिकै महत्वपूर्ण छ ।

आजको 'डिजिटल' युगमा नागरिकलाई सामाजिक सञ्जालको भ्रामक अल्गोरिदमको जालोबाट जोगाउनु ठूलो चुनौती बनेको छ । यो चुनौतीको सामना गर्न राजनीतिक दलहरू र निर्वाचन आयोगले आफ्नो दायित्व गम्भीरतापूर्वक निर्वाह गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ । यी जिम्मेवार निकायहरूले आम मतदातालाई सामाजिक सञ्जालमा आउने व्यक्तिगत धारणा र अपुष्ट सूचनाका आधारमा आफ्नो मत नबनाउन निरन्तर सचेत गराउनुपर्छ । उनीहरूले नागरिकलाई सम्पादकीय प्रक्रिया पूरा गरेका र जवाफदेहिता बहन गर्ने मूलधारका समाचार माध्यमतर्फ ध्यान केन्द्रित गरेर मात्र धारणा बनाउन सूचित तथा प्रेरित गरिरहनुपर्छ । यसो गर्न सकिएमा मतदाताहरू गलत सूचनाका आधारमा निर्णय लिने जोखिमबाट जोगिनेछन् ।

दल र आयोगको यो सक्रियताले निर्वाचनलाई स्वच्छ बनाउन मात्र होइन, समाजमा मिडिया साक्षरता अभिवृद्धिका सन्दर्भमा पनि महत्वपूर्ण योगदान पुग्ने देखिन्छ । निर्वाचन लोकतन्त्रको परीक्षा हो भने यो समय पत्रकारिताको पनि परीक्षा हो । स्वच्छ निर्वाचन र जिम्मेवार मिडिया एकअर्काका पूरक हुन् । यदि मिडियाले आफ्नो धर्म इमान्दारीपूर्वक निभाउने हो भने मात्र लोकतन्त्रको यो उत्सव सार्थक र परिणाममुखी बन्न सक्छ । (लेखक नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष हुनुहुन्छ)

# आयोगको ध्यान मतदाता शिक्षा कार्यक्रमतर्फ

काठमाडौँ, २६ माघ (रासस) । निर्वाचन आयोगले आम मतदातालाई निर्वाचनका बारेमा जानकारी गराउने उद्देश्यका साथ मतदाता शिक्षा कार्यक्रमलाई तीव्र रूपमा अगाडि बढाएको छ ।

मतदातालाई मताधिकारका सचेत गराउने तथा सही मतसङ्केतका लागि प्रशिक्षित गर्ने उद्देश्यले निर्वाचन आयोगले डिजिटल प्लेटफर्ममा निरन्तर सचेतना सामग्री सम्प्रेषण गरिरहेको छ । मतदातालाई सही र वास्तविक सूचना प्रदान गर्ने तथा मत बदर हुने अवस्थालाई कम गर्न शिक्षा कार्यक्रम अगाडि बढाइएको आयोगले जनाएको छ ।

डिजिटल प्लेटफर्ममा भइरहेको सचेतनालाई आयोगले वडास्तरमा पुऱ्याउने लक्ष्यसहित यही माघ १९ गतेदेखि मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गरिरहेको छ । स्वीकृत कार्यक्रम अनुसार प्रत्येक स्थानीय तहका हरेक वडामा एक/एक स्वयंसेवक परिचालन हुनेछन् । सम्बन्धित निर्वाचन कार्यालयबाट छनोट प्रक्रियाअघि बढाउने गरी स्थानीयस्तरमा कार्यरत बाल विकास सहजकर्ता वा मातृशिशु कार्यकर्ता वा स्थानीय स्वास्थ्य स्वयंसेविका वा सामुदायिक अध्ययन केन्द्रका परिचालकमध्येबाट स्वयंसेवक छनोट गर्ने विधि तय गरिएको छ ।

मतदाता शिक्षा सामग्री उत्पादन र प्रभावकारी परिचालनका लागि सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यम तथा विभिन्न क्षेत्रका नियामक निकायसँग पनि सम्झौता सम्पन्न भएको छ । राष्ट्रिय समाचार समिति (रासस), सार्वजनिक सेवा प्रसारण नेपाल, गोरखापत्र संस्थान, विज्ञापन बोर्ड र सञ्चारमाध्यमको नियामक निकाय प्रेस काउन्सिल नेपालसँग आयोगले यसअघि नै सहमति गरिसकेको छ ।

प्रभावकारी मतदाता शिक्षाले मतदातालाई मतदान प्रक्रिया, मतसङ्केत र मिथ्या

*बाँकी तीन पृष्ठमा*

# संसद् विघटनले विधायन प्रक्रिया प्रभावित : मन्त्री सिन्हा

काठमाडौँ, २६ माघ (रासस) ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले संविधान जारी भएयता संविधान कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणलाई सरकारले उच्च प्राथमिकतामा राख्दै आएको बताउनुभएको छ ।

राष्ट्रियसभाको सोमबारको बैठकमा सांसद मदनकुमारी साह (गरिमा) को प्रश्नको जवाफ दिँदै मन्त्री सिन्हाले संविधान अनुकूल र सङ्घीय प्रणालीअनुसार कानुन सुधार निरन्तर जारी रहेको सभालाई जानकारी दिनुभयो ।

उहाँका अनुसार संविधान जारी भएपछिका वर्षहरूमा हालसम्म १४६ वटा छुट्टाछुट्टै ऐन जारी भइसकेका छन । मौजुदा कानुनलाई संविधान र सङ्घीय शासन प्रणाली अनुकूल बनाउन विभिन्न मितिमा केही नेपाल ऐन संशोधन गर्ने ऐनहरूमार्फत व्यापक सुधार गरिएको उहाँले सभामा चर्चा गर्नुभयो ।

मन्त्री सिन्हाका अनुसार केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७२ अन्तर्गत १९३ वटा ऐन संशोधन गरिएको छ भने २०७४ सालको ऐनमार्फत ३६ ऐन संशोधन र १५ ऐन खारेज गरिएको थियो ।

मौलिक हक कार्यान्वयनका लागि संविधान बमोजिम आवश्यक १६ वटा मौलिक हकसम्बन्धी ऐन २०७५ असोज २ मै जारी भइसकेको छ । ती ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली तयार भइसकेको मन्त्री सिंन्हाले जानकारी गराउनुभयो । आवासको अधिकारसम्बन्धी ऐनलगायत अन्य केही ऐन कार्यान्वयनका लागि भने आवश्यक नियमावली अझै सम्बन्धित मन्त्रालयमा मस्यौदा चरणमै रहेको उहाँको भनाइ छ ।

विधेयकको वर्तमान अवस्थाबारे जानकारी दिने क्रममा उहाँले संसद् विघटनका कारण ३० वटा विधेयक निष्क्रिय भएको बताउनुभयो । साथै विधायन ऐन, २०८१ जारी भएपछि सङ्घीय संसद्मा पेस गरिने १२१ वटा विधेयकको प्राथमिकता क्रमसहित सूची २०८२ असार ३२ गते पेस गरिएको भए पनि प्रतिनिधिसभा विघटनका कारण धेरै विधेयकको मस्यौदा कार्य अघि बढ्न नसकेको जानकारी दिनुभयो ।

विधायन ऐन, २०८१ अनुसार निर्देशिका, कार्यविधि र नियमावली दर्ताका लागि चैत २ गतेसम्मको समयसीमा तोकिएको छ । तोकिएको अवधिभित्र दर्ता नभएमा ती प्रत्यायोजित विधायन पुनर्लेखन गर्नुपर्ने अवस्था आउन सक्ने भन्दै त्यसका लागि मन्त्रालयले आवश्यक तयारी गरिरहेको मन्त्री सिंन्हाले बताउनुभयो । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार सङ्घीय स्तरमा ३५५ वटा ऐन, ३२५ वटा नियमावली, ६६ वटा गठन आदेश, १३४ निर्देशिका, २५० कार्यविधि निर्माण भएको मन्त्री सिन्हाले जानकारी दिनुभयो ।

### *नवीन चुनौतीबीचको ...*

सूचना पहिचान गर्ने क्षमता अभिवृद्धि हुने तथा स्वतन्त्र, निष्पक्ष तथा विश्वसनीय निर्वाचन सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने आयोगले विश्वास लिएको छ । प्रतिनिधिसभाको निर्वाचन आगामी फागुन २१ गतेका लागि तय भएको छ । प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत १६५ सदस्य र समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना निर्वाचित हुने व्यवस्था छ ।

# रेशम चौधरीको रिटमा अन्तरिम आदेश दिन अस्वीकार

काठमाडौँ, २६ माघ (रासस) ।

सर्वोच्च अदालतले नागरिक उन्मुक्ति पार्टी, नेपालका संरक्षक रेशमलाल चौधरीलाई कैलाली क्षेत्र नं १ बाट उम्मेदवार बन्न माग गर्दै दायर गरेको रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

न्यायाधीशद्वय सारङ्गा सुवेदी र टेकप्रसाद ढुङ्गानाको इजलासले आइतबार उक्त विवादमा सुनुवाइपछि अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो ।

आदेशमा भनिएको छ, "उक्त संवैधानिक एवं कानुनी व्यवस्थाको व्याख्या प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाइको बखत हुने हुँदा सुविधा सन्तुलनको दृष्टिबाट मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । नियमानुसार पेस गर्नू ।"

कैलाली क्षेत्र नं १ का निर्वाचन अधिकृतले उम्मेदवारी खारेज गर्ने निर्णयविरूद्ध चौधरीले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो ।


मधेश प्रदेश सरकार, श्री भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय, प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना
प्रादेशिक आयोजना व्यवस्थापन इकाई, जनकपुरधाम, धनुषा
खाडो नदि पुल (६४.४ मि.) निर्माण आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन (BES)
प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुचना
(प्रकाशित मिति २०८२/ १०/ २७)

मधेश प्रदेश, सप्तरी जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका र राजविराज नगरपालिकामा श्री प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, प्रादेशिक आयोजना व्यवस्थापन इकाई, जनकपुरधाम, धनुषाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मधेश प्रदेश सरकार, श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, प्रादेशिक आयोजना व्यवस्थापन इकाई, जनकपुरधाम, धनुषा<br>फोन नं.: ९८५४०२९६६७<br>ईमेल: ppmu@madhesh.gov.np |
| प्रस्तावको व्यहोरा | खाडो नदि (६४.४ मि.) निर्माण को कार्य गर्ने । |
| प्रभाव पर्ने सक्ने जिल्ला/ नगरपालिका | सप्तरी जिल्ला,<br>तिलाठी कोइलाडी गाउँपालिका वडा नं २ र राजविराज नगरपालिका वडा नं १३ |

माथि उल्लेखि प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो छेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बीच के- कस्ता प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको स्थानीए तह तथा त्यस छेत्रका विधालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले (७) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहु अनुरोध गरिन्छ ।

राय सुझावका लागी पत्राचार गर्ने ठेगाना :

१. श्री प्रादेशिक आयोजना व्यवस्थापन इकाई, जनकपुरधाम, धनुषा
फोन नं. : ९८५४०२९६६७
ईमेल : ppmu@madhesh.gov.np

२. श्री सिभिल इन्फ्रास्ट्रक्चर कन्सलटेन्ट प्रा. लि.
जावलाखेल, ललितपुर नेपाल
फोन : ९८५२८३९३३३
ईमेल : civilinfrastructurecic@gmail.com


## विश्व समाचार

# विश्व बजार उकालो, जापानको निक्केई ऐतिहासिक उछाल

बैङ्कक, २६ माघ (रासस/एपी) ।

जापानी प्रधानमन्त्री साने ताकाइचीको सत्तारूढ दलले संसदीय चुनावमा दुई तिहाई बहुमत हासिल गरेपछि विश्व शेयर बजारहरू उकालो लागेका छन् र टोकियोको निक्केई २२५ सूचकाङ्क सोमबार करिब पाँच प्रतिशतले बढ्दै ऐतिहासिक स्तरमा पुगेको छ । युरोपको प्रारम्भिक कारोबारमा जर्मनीको डिएएक्स ०.६ प्रतिशतले बढेर २४,८६४.५९ मा पुगेको छ भने फ्रान्सको सीएसी ४० ०.२ प्रतिशतले बढेर ८,२८८.०६ मा पुगेको छ । बेलायतको एफटीएसई १०० पनि ०.३ प्रतिशतले बढेर १०,३९९.६१ मा पुगेको छ । अमेरिकी सेयर बजारले शुक्रबार बलियो पुनरागमन गरेपछि सोमबारका लागि अमेरिकी फ्युचर्स पनि माथि देखिएका छन् । एस एन्ड पी ५०० का फ्युचर्स ०.१ प्रतिशतले बढेका छन् भने डाउ जोन्स औद्योगिक औसतका फ्युचर्स ०.२ प्रतिशतले उकालो लागेका छन् । शुक्रबार एस एन्ड पी ५०० करिब दुई प्रतिशतले बढ्दै मेयता सबैभन्दा राम्रो दिन देखिएको थियो । डाउ २.५ प्रतिशतले बढेर पहिलो पटक ५०,००० को मनोवैज्ञानिक स्तर पार गरेको थियो भने नास्डाक कम्पोजिट २.२ प्रतिशतले उकालो लागेको थियो । टोकियोमा निक्केई २२५ ३.९ प्रतिशतले बढेर बन्द भएको छ र यसअघि सूचकाङ्कले ५७,३३७.०७ को नयाँ इन्ट्राडे रेकर्ड पनि बनाएको थियो । अमेरिकी डलर जापानी येनको तुलनामा केही कमजोर हुँदै १५६.७१ येनमा कारोबार भएको छ । चुनावी जितले प्रधानमन्त्री ताकाइचीलाई बजारमैत्री नीतिहरू अघि बढाउन बलियो जनादेश दिएको विश्लेषकहरूले बताएका छन् । जापानी सार्वजनिक प्रसारक एनएचकेको मतगणनाको नतिजाअनुसार लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) ले तल्लो सदनका ४६५ सिटमध्ये ३१६ सिट जितेको छ । यो सन् १९५५ मा पार्टी स्थापना भएयताकै सबैभन्दा ठूलो सफलता हो ।

एस्ट्रिस एडभाइजरी जापानका प्रबन्ध निर्देशक नील न्युम्यानले कमजोर सरकारबाट बलियो बहुमतको सरकार बनेकाले अब नीतिगत निर्णय अघि बढाउन सजिलो भएको बताउनुभयो । तल्लो सदन फेब्रुअरीको मध्यतिर पुनः बस्ने भएपछि बढ्दो जीवनयापन लागत र सुस्त ज्याला सम्बोधन गर्ने बजेटसम्बन्धी काम पहिलो प्राथमिकतामा पर्ने अपेक्षा गरिएको छ । एसपीआई एसेट म्यानेजमेन्टका स्टिफन इन्सले चुनावी नतिजाले राजनीतिक अनिश्चितता हटाएकाले बजारले सहज प्रतिक्रिया दिएको टिप्पणी गर्नुभयो । एसियाका अन्य बजारहरू पनि मजबुत देखिएका छन् । दक्षिण कोरियाको कोस्पी ४.१ प्रतिशतले बढेर ५,२९८.०४ मा पुगेको छ । हङकङको ह्याङ सेङ १.८ प्रतिशतले उकालो लागेर २७,०२७.१६ मा पुगेको छ भने साङ्घाई कम्पोजिट १.४ प्रतिशतले बढेर ४,१२३.०९ मा पुगेको छ । ताइवानको टाइक्स दुई प्रतिशतले बढेको छ र अस्ट्रेलियाको एस एन्ड पी/एएसएक्स २०० १.९ प्रतिशतले उकालो लागेर ८,८७०.१० मा पुगेको छ । वाल स्ट्रिटको पछिल्लो र्‍यालीमा चिप उत्पादक कम्पनीहरूको ठूलो योगदान देखिएको छ । एनभिडिया ७.८ प्रतिशतले बढेको छ भने ब्रोडकम ७.१ प्रतिशतले उकालो लागेको छ । यद्यपि, ठूला प्रविधि कम्पनीहरूको खर्च र एआई प्रविधिबाट सफ्टवेयर कम्पनीहरू प्रभावित हुनसक्ने चिन्ताले एस एन्ड पी ५०० अझै केही हप्ताको आधारमा दबाबमै रहेको विश्लेषण गरिएको छ । अन्य कारोबारमा बिटक्वाइन एक प्रतिशतले बढेर ७०,००० डलरभन्दा तल कारोबार भएको छ । धातु बजार केही शान्त देखिँदा सुन १.४ प्रतिशतले बढेर ५,०४८.९० डलर प्रतिऔंस पुगेको छ भने चाँदी ६.२ प्रतिशतले उकालो लागेर ८१.६४ डलर पुगेको छ । तेल बजारमा भने मूल्य घटेको छ । अमेरिकी कच्चा तेल ६० सेन्टले घटेर ६२.९५ डलर प्रतिब्यारेलमा झरेको छ भने ब्रेन्ट क्रुड पनि ६० सेन्टले घटेर ६७.४५ डलर प्रतिव्यारेलमा पुगेको छ । युरो डलरको तुलनामा बलियो हुँदै १.१८६६ डलरमा कारोबार भएको छ ।

# लिबियामा १४० जना अवैध आप्रवासीलाई निर्वासन

त्रिपोली (लिबिया), २६ माघ (रासस/क्युएनए) ।

लिबियाबाट १४० जना अवैध आप्रवासीहरूलाई उनीहरूको मूल देशमा निर्वासन गर्ने घोषणा गरिएको लिबियमाका अधिकारीहरूले बताएका छन् । निर्वासित व्यक्तिहरूमा सुरक्षा प्रतिबन्धहरु आकर्षित हुने विभिद व्यक्तिहरूका साथै संक्रामक रोगहरू भएको पुष्टि भएकाहरु समेत समावेश रहेको लिबियाको एन्टी-अवैध अध्यागमन एजेन्सीले रिपोर्ट गरेको छ । एजेन्सिले सम्बन्धित अधिकारीहरूसँग समन्वय गरेर सबै कानुनी प्रक्रियाहरू र स्वीकृत मेडिकल परीक्षाहरू पूरा गरे पछि निर्वासन प्रक्रिया सम्पन्न भएको पुष्टि गरेको छ । अवैध आप्रवासन रोकी सुरक्षा मापदण्डलाई सम्बोधन गर्ने र जनस्वास्थ्यको रक्षा गर्ने उद्देश्यले सार्वजनिक सुरक्षा बढाउन यो कदम चालिएको एजेन्सीले उल्लेख गरेको छ । जनवरीमा, लिबियाको एन्टि-अवैध अध्यागमन एजेन्सीले आप्रवासन प्रवाह व्यवस्थापन गर्न लिबियाली अधिकारीहरूले लागू गरेको सुरक्षा र नियामक उपायहरू मार्फत स्वैच्छिक फिर्ती कार्यक्रम अन्तर्गत २०२५ मा ३७ हजार भन्दा बढी अवैध आप्रवासीहरू आफ्नो देशमा फर्केको खुलासा गरेको थियो ।

# बङ्गलादेशी महिलाहरूद्वारा प्रतिनिधित्वको माग गर्दै प्रदर्शन

ढाका, २६ माघ (रासस/एएफपी) ।

आगामी निर्वाचनमा न्यायसँगत र राजनीतिक प्रतिनिधित्वको माग गर्दै बङ्गलादेशी महिलाहरूले सोमबार ढाकाको सडकमा प्रदर्शन गरेका छन् । आसन्न चुनावमा मतदानको लागि मार्ग प्रशस्त गर्ने सन् २०२४ को विद्रोहको नेतृत्व गर्न ठुलो भुमिका खेलेता पनि, महिलाहरू बङ्गलादेशको राजनीतिक क्षेत्रबाट धेरै हदसम्म बहिष्कृत भएको उनीहरुले जनाका छन् । हाल चार प्रतिशत भन्दा कम महिला उम्मेद्वारहरू चुनावी प्रक्रियामा छन् भने ३० वटा दलहरूले पुरुष उम्मेद्वारलाई मात्र टिकट दिएका छन् । प्रदर्शन धार्मिक र राजनीतिक र्‍यालीहरूमा महिलाहरूलाई लक्षित गर्ने बढ्दो प्रवृतिले उनीहरूलाई सार्वजनिक जीवनबाट बञ्चित गराउने प्रयासको पृष्ठ भूमिमा यो प्रदर्शन भएको बताइएको छ ।

# वीरगञ्ज बजारमा छापा मार्दा तीन सशस्त्र प्रहरी घाइते, दुईवटा गाडीमा क्षति

**दैनिक समाचारदाता**
**पर्सा, २६ माघ ।**

वीरगञ्ज भन्सार कार्यालय र सशस्त्र प्रहरी बलले सोमबार यहाँको वीरगञ्जस्थित अवैध गोदाममा छापा मार्ने क्रममा स्थानीय व्यापारी समूहको आक्रमणबाट तीन जना सशस्त्र प्रहरी घाइते भएका छन् ।

स्थानीय व्यापारी समूहको आक्रमणबाट सशस्त्र प्रहरीका दुईवटा सवारीसाधनमा पनि क्षति पुगेको छ । संयुक्त टोलीले भन्सार छली गरेर समान भित्र्याएको आशङ्काामा आदर्शनगरस्थित मदनप्रसाद गुप्ताको घरमा राखिएको कपडा बरामद गर्ने क्रममा झडप भएको हो ।

सशस्त्र प्रहरी बल नेपालका सहायक प्रवक्ता शैलेन्द्र थापाले संयुक्त टोलीले सोमबार बिहान गोदाममा छापा मारेर अवैध रूपमा भण्डार गरी राखेको रु सात लाख मूल्य बढीको कपडा बरामद भएको जानकारी दिए ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षत्रीले स्थानीय व्यापारी समूहको आक्रमणबाट सशस्त्र प्रहरी बल नेपालको एउटा वानटन र एउटा स्कार्पियो गाडीमा समेत क्षति पुगेको बताए ।

पछिल्लो समय पर्सामा राजस्व चुहावट तथा भन्सार छली भएको आशङ्काामा भन्सार तथा सशस्त्र प्रहरीले छापा मार्दा प्रहरीमाथि आक्रमण हुने गरेका छन् ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले भन्सार तथा सशस्त्र प्रहरीले पूर्ण सूचनाका आधारमा छापा मारेको खण्डमा अहिले देखिएको समस्या हल गर्न सकिने बताए ।

सशस्त्र प्रहरी बलका अनुसार गोदामका सञ्चालक मदनप्रसाद गुप्ताले अबैध रूपमा वीरगञ्जबाट पोखरा पठाउन लागेको रु ७१ लाख बराबरको हार्डवेयरको सामान बोकेको ट्रक सशस्त्र प्रहरीले आइतबार माघ २५ गते नियन्त्रणमा लिएको थियो ।

ना.३ख.५०५२ नम्बरको ट्रकमा भिसिटिएस बिल बिनाको सामान सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म वीरगञ्जले वीरगञ्ज महानगरपालिका-१४ स्थित पिपराचोकबाट नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कारवाहीको लागि रातिनै राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको थियो ।

सोही आधारमा उनले सञ्चालन गरेको अवैध गोदाममा समेत भन्सार छलिको सामान रहेको सुचनाको आधारमा २६ गते बिहान छापा हानिएको हो । छापा मार्ने क्रममा तस्कर समूहले सशस्त्र प्रहरीमाथि आक्रमण गरेका थिए । प्रहरीले रु १२ लाख ७२ हजार मूल्य बराबरको कुर्ता सुरुवाल बरामद गरी आबश्यक कारवाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको प्रहरी नायब उपरीक्षक एवम् सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

# एक करोड २२ लाख ५६ हजार मतपत्र छपाइ

काठमाडौँ, २६ माघ (रासस) ।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि ४४ जिल्लाका १०० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ । सोमबारसम्म एक करोड २२ लाख ५६ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो ।

हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा र बर्दिया गरी ४४ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो । यी जिल्लाको मतपत्र 'प्याकिङ' पनि भइसकेको उहाँले बताउनुभयो । हालसम्म १० हजार ७५९ बाकस मतपत्र प्याकिङ भइसकेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो ।

# सामाजिक सञ्जाल विधेयक फिर्ता गर्ने निर्णय सर्वसम्मतिले पारित

काठमाडौँ, २६ माघ (रासस) ।

राष्ट्रियसभाले सरकारबाट सामाजिक सञ्जाल विधेयक फिर्ता गर्ने निर्णयलाई सर्वसम्मतिले पारित गरेको छ ।

सभाको सोमबारको बैठकमा राष्ट्रियसभामा विचाराधीन सामाजिक सञ्जाल विधेयक २०८१ फिर्ता भएको छ । सभाको अध्यक्ष नारायण दाहालले उक्त विधेयकमाथि निर्णयार्थ प्रस्तुत गर्दै विधेयक फिर्ता भएको घोषणा गर्नुभएको हो ।

विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'सामाजिक सञ्जाल विधेयक, २०८१ सम्बन्धी विधायक व्यवस्थापन समितिको प्रतिवेदन' पेस गर्नुभएको थियो ।

सो सभाको २०८२ भदौ १३ गते बसेको बैठकले राष्ट्रियसभाबाट उक्त विधेयक उत्पत्ति गरी दफाबार छलफलका लागि विधायक व्यवस्थापन समितिका पठाएको थियो । समितिमा ३५ जना सांसदले १५५ वटा संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो ।

समितिका सभापति दाहालले उक्त विधेयकमाथि सूचना तथा सञ्चार प्रविधिमन्त्री, मन्त्रालयका सचिव र सरोकारवालासँग विभिन्न चरणमा अनौपचारिक छलफल भएको जानकारी गराउनुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत माघ २० गते उक्त विधेयक फिर्ता माग्ने निर्णय गरी माघ २१ गतेको पत्रमार्फत सरकारका तर्फबाट विधेयक फिर्ता माग्ने निर्देशन भएको थियो ।

## जागिर छाडेर ...

चुनावी प्रतिष्पर्धामा उत्रेका डा. चमन भन्छन्, "जिल्ला विकासको मामिलामा निकै पछाडी परेको छ, शिक्षाको अवस्था पनि निकै नाजुक छ, स्वास्थ्यको अवस्था पनि कसैसामु लुकेको छैन् । यी अवस्थाहरुलाई परिवर्तनका लागि उम्मेदवारी दिएको हुँ ।"

यस्तै जिल्लाको क्षेत्र नं. २ बाट नेपाल बिद्युत प्राधिकरणको प्रबन्धक पदबाट राजिनामा दिएर कुलमान घिसिङ नेतृत्वको उज्यालो पार्टी नेपालबाट ५२ वर्षिय डा. दिपक चौधरी पनि चुनावी मैदानमा छन् । उनले पनि शिक्षित, बुद्धिजिवी, इमान्दार र नैतिकवान व्यक्तिहरुको राजनीतिमा उपस्थिति कमजोर भएकै कारण आफुले जागिर छाडेर उम्मेदवारी दिएको बताए ।

त्यस्तै क्षेत्र नं. ४ बाट सरकारी जागिर गरेर आएका रास्वपाका उम्मेदवार सिताराम साहले जागिरपछि अब जनताको सेवा गर्ने उद्देश्यले उम्मेदवारी दिएको जनाए ।

# मेडिकल व्यवसायी दुर्गा प्रसाईं हाजिरी जमानीमा रिहा

काठमाडौँ, २६ माघ (रासस) ।

मेडिकल व्यवसायी दुर्गा प्रसाईं हाजिरी जमानीमा रिहा हुनुभएको छ ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँको आदेशअनुसार आइतबार प्रसाईं हाजिरी जमानीमा रिहा हुनुभएको नेपाल प्रहरीको केन्द्रीय साइबर ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दीपकराज अवस्थीले राससलाई जानकारी दिनुभयो ।

शुक्रबार काठमाडौँबाट पर्साको वीरगञ्जतर्फ जाँदै गरेका बेला प्रहरीले प्रसाईंलाई दक्षिणकाली नगरपालिका-चाल्नाखेल क्षेत्रबाट पक्राउ गरेको थियो ।

# वीरगञ्जको भन्सारको राजस्व पेट्रोलियम पदार्थ र सवारी आयातमा निर्भर

पर्सा, २६ माघ (रासस) ।

वीरगञ्ज भन्सार कार्यालयको राजस्वको हिस्सा पेट्रोलियम पदार्थको आयात र सवारीसाधनको आयातमा निर्भर रहेको छ ।

कार्यालयले चालु आर्थिक वर्षको प्रथम छ महिनामा रू एक खर्ब १६ अर्ब ५८ करोड राजस्व सङ्कलन गरेको छ । तर, यहाँको राजस्व सङ्कलनको हिस्सा भने पेट्रोलियम पदार्थको आयातबाट मात्रै छ महिनामा रू ३७ अर्ब ८५ करोड सङ्कलन भएको छ ।

दोस्रो धेरै राजस्व सङ्कलन यातायातका साधन र तिनका पार्टपुर्जा आयाबाट भने रू १३ अर्ब ९८ करोड राजस्व सङ्कलन भएको छ । कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगञ्ज भन्सारको राजस्व पेट्रोलियम पदार्थको आयात र यातायातका साधन र तिनका पार्टपुर्जा आयातबाट प्राप्त हुनेमा निर्भर रहेको बताउनुभयो ।

चालु आवको छ महिनामा फलाम तथा फलामबाट बनेका सामानबाट रू छ अर्ब ८३ करोड, कपडा आयातबाट रू पाँच अर्ब २६ करोड, इलेक्ट्रिक मेसिनरी,उपकरण र तिनका पार्टपुर्जाबाट रू चार अर्ब ९१ करोड राजस्व सङ्कलन भएको छ ।

त्यस्तै मदिराजन्य पेयपदार्थको आयातबाट भने रू एक अर्ब ८३ करोड राजस्व सङ्कलन भएको छ । शृङ्गारको सामानबाट एक अर्ब ८१ करोड राजस्व उठेको छ ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजविराज ,सप्तरी

प.नं.०८२/०८३
च.नं. ४९१५

मितिः-२०८२।१०।२५

विषयः-३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सुचना ।

रैति न.१० को रैति महगु मंडलको नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे रामपुरा हाल तपसिल वमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स.सखडा वार्ड नं.९ हाल परिवर्तितत छिन्नमस्ता गा.पा.वार्ड नं.२ बस्ने स्व.महगु मंडलको नाति स्व.वच्चा मंडलको छोरा शिव नारायण मंडलले यस कार्यालयमा द.नं.८४८४ मिति २०८२।८।२९ गतेमा निवेदन परी हक दावी सम्वन्धित सार्वजनीक सुचना प्रकाशित गर्न मिति २०८२।१०।२५गतेमा आदेश भए बमोजिम यो ३५ दिने हक, दावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानन‍ु बमोजिम कार्यबाहि भै जाने छ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

तपसील

| सा.कि.न. | गा.वि.स. | वार्ड नं. | हा.कि.न. | क्षेत्रफल | तर्फ | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९२० | सखडा | ९(क) | ४९ | ०-४-५ | ससीम | स्व.महगु मंडलको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा बच्चा मंडलको नाउँमा कायम रहेको | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलम र कैफियत महलमा प सख डा वार्ड नं.९ बस्ने बच्चा मंडल कायम रहेको । |
| ८३,७४,३३२, ३३५,३९० | सखडा | ८(ख) | २७ | २-२-७ | २-२-७ मध्ये पूर्व तर्फ सो १-७-० | स्व महगु मंडलको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा बच्चा मंडलको नाउँमा कायम रहेको | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलम र कैफियत महलमा प सख डा वार्ड नं.९ बस्ने बच्चा मंडल कायम रहेको । |

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np